# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७७/०७८
च.नं.:

मिति: २०७७/०५/१९

देवघाट गाउँपालिकाको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना) संक्रमण देवघाट गाउँपालिकामा पनि देखिएको छ । गाउँपालिकामा हाल सम्म १२ जना संक्रमित भएको अवस्थामा आजमात्र ७ जनामा संक्रमण देखिएको छ । समुदाय स्तरमा फैलिएको यस कोरोना संक्रमण थप समुदाय स्तरमै फैलिन सक्ने उच्च जोखिम रहेको छ । यस संक्रमणको जोखिमलाई कमी गर्नको लागि देहाय बमोजिम गर्न गराउनु भै सुरक्षित रहनु हुन सम्पुर्ण आदरणीय देवघाट गाउँपालिका वासीहरुमा हार्दिक अनुरोध छ ।

**तपशिल:**

१. मिति २०७७/०५/१९ देखि ०५/२४ गते सम्मको लागि गाउँपालिका तथा १ र ५ नं. वडा कार्यालयबाट अत्यावश्यक बाहेकका सेवाहरु बन्द हुने ।
२. अत्यावश्यक काम बाहेक बाहिर हिंडडुल नगर्ने । अत्यावश्यक काममा हिंडडुल गर्दा मास्क लगाउने ।
३. समय-समयमा सेनिटाइजर प्रयोग गर्ने वा साबुन पानीले हात धुने ।
४. जन्म, न्वारान, विवाह, मृत्यु लगायतका संस्कार गर्दा न्यूनतम संख्या मात्र सावधानीका साथ सामेल हुने ।
५. हाल चलि रहेको पितृपुजन (सोह्र श्राद्ध) कार्यमा आफन्त, छरछिमेकी, बन्धुबान्धवलाई आमन्त्रण नगरी एकाघरका सदस्यहरु मात्र सहभागी हुने ।
६. सके सम्म पुरोहितलाई घर नबोलाई विद्युतीय तरिकाले तथा अन्य वैकल्पिक माध्यमबाट सोह्र श्राद्ध गर्ने, गराउने व्यवस्था मिलाउने ।
७. स्वास्थ्यकर्मी लगायत अत्यावश्यक काममा खटिने कर्मचारी र सुरक्षाकर्मीलाई मर्यादित व्यवहार गर्ने ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत